# राक्सिराङ गाउँपालिकाको विनियोजन विधेयक, २०८०

गाउँ सभाबाट स्वीकृत मिति : २०८०/०३/०९

## राक्सिराङ गाउँपालिका
चैनपुर, मकवानपुर

# उद्देश्य र कारण

राक्सिराङ गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँ कार्यपालिका तथा विषयगत कार्यालयहरुका साथै सम्पूर्ण विषयक्षेत्रमा न्यायोचित ढंगले वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई राक्सिराङ गाउँपालिकाका सवै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र राक्सिराङको सन्तुलित विकासको माध्यमबाट राक्सिराङबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

(बनस्तम थिङ)
**उपाध्यक्ष, राक्सिराङ गाउँपालिका**

# राक्सिराङ गाउँपालिकाको विनियोजन विधेयक, २०८०

सभाबाट स्वीकृत मितिः२०८०/०३/०९

**प्रस्तावनाः** राक्सिराङ गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम राक्सिराङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "राक्सिराङ गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५९,९५,२५,०००/-(उनान्साठी करोड पन्चानब्बे लाख पच्चीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त राक्सिराङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | ३५,४१,६0000 | २४,५३,६५000 | - | ५९,९५,२५,000 |
| २ | | बिषयगत शाखा | | | | |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | | |

राक्सिराङ्ग गाउँ सभाको चौधौं अधिवेशनबाट मिति २०८० असार ०९ गते स्वीकृत भएको उपरोक्त अनुसारको “राक्सिराङ्ग गाउँपालिकाको विनियोजन ऐन, २०८०” स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ वमोजिम प्रमाणित गर्दछु ।

राजकुमार मल्ल

गाउँपालिका अध्यक्ष

मिति : २०८०।०३।०९